राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ मङ्सिर १० गते

## प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचन प्रक्रियाको पहिलो चरणको अनुगमन सम्पन्न

मुलुकका ३२ जिल्लामा आज सम्पन्न पहिलो चरणको प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको क्रममा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट मतदान प्रक्रियाको अनुगमन गरेको छ । निर्वाचनको क्रममा निष्पक्ष, स्वच्छ, स्वतन्त्र र भयरहीत वातावरणको सुनिश्चितताका लागि आयोगद्वारा २७ वटा अनुगमन टोली खटिएका थिए ।

अनुगमनबाट प्राप्त तथ्यअनुसार रोल्पा, रुकुम, बझाङ, भोजपुर, नुवाकोट, गोरखा, लगायतका जिल्लाहरूमा बम विष्फोटका केही घटनाहरू भए पनि मानवीय क्षति नभएको पाइएको छ । ताप्लेजुङ, धादिङ, बाग्लुङ, दार्चुला लगायतका जिल्लास्थित केही मतदानस्थल नजिकै विष्फोटक पदार्थ भेटिएको, बाजुरा, दोलखा, जाजरकोट, ओखलढुङ्गा र सिन्धुपाल्चोकमा राजनीतिकदलका कार्यकर्तावीच झडप हुँदा केही व्यक्ति घाइते भएको बुझिएको छ । दोलखा, बाजुरा र सिन्धुपाल्चोक जिल्लामा झडप नियन्त्रण गर्न सुरक्षाकर्मीद्वारा हवाइफायर समेत भएको बुझिएको छ । रुकुमको बाफिकोट गाउँपालिका-५ स्थित (क) मतदान केन्द्रमा प्रत्यक्ष तर्फको मतपेटिका तथा आठबीसकोट नगरपालिका-१२ स्थित गत्तासैना मतदान केन्द्रमा समानुपातिक तर्फको मतपेटिकामा आगलागी पश्चात् मतदान स्थगित भएको बुझिएको छ ।

कतिपय मतदान केन्द्रमा चार, पाँच घण्टा पैदल हिंडेर मतदानको लागि जानुपर्ने परिस्थितिका कारण जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा गर्भवती महिलाहरु मताधिकारबाट वञ्चित भएको, मतदाता शिक्षा तथा मताधिकारको प्रयोग सम्बन्धमा प्रभावकारी रुपमा सचेतना पुग्न नसक्दा केही मतदान केन्द्रमा दिउँसो २ बजेसम्म पनि मतदाता मत· खसाल्न उपस्थित नभएका, अधिकांश मतदान केन्द्रहरू अपाङ्गमैत्री नभएका तथ्यहरू अनुगमनका क्रममा प्राप्त भएका छन् । लमजुङको एक मतदान केन्द्रमा मतदान अधिकृतको हस्ताक्षर बिनाको मतपत्र दिइएको भनी विवाद सृजना भई केही समय मतदान कार्य स्थगित भएको पाइएको छ । यद्यपी बम विष्फोटका घटना, चिसो मौसम तथा भौगोलिक विकटताका बावजुद् मतदाताहरू आफ्नो मताधिकार प्रयोग गर्न मतदान केन्द्रमा पुगेको पाइएको छ ।

अतः आगामि निर्वाचनमा मतदाता शिक्षा र मतदान केन्द्रको सुव्यवस्था जस्ता विषयहरूमा उल्लेख्य सुधार गर्न आयोग सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org